गुल्मीदरबार गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गोठीकोट, गुल्मी

प.सं. ०७७/०७८ प्रदेश नं. ५, नेपाल

च.नं. ३२६ मिति:२०७७/०६/०६

विषय: विद्यार्थी सिकाई सहजीकरण क्रियाकलाप सञ्चालन सम्बन्धमा ।

श्री सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु
गुल्मीदरबार गाउँपालिका ,गुल्मी

प्रस्तुत विषयमा कोभिड-१९ को कारणले रोकिएको विद्यालयको नियमित पठनपाठन सुचारु गर्न नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी "विद्यार्थी सिकाई सहजीकरण निर्देशिका -२०७७" अनुसार नै हुनेगरी यस गाउँ कार्यपालिकाको मिति २०७७/०६/०६ गतेको बैठकको निर्णयानुसार तपसिल बमोजिम विद्यार्थी सिकाई सहजीकरण क्रियाकलाप संचालन गर्नुहुन अनुरोध छ ।

तपसिल

- नेपाल सरकार, शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी "विद्यार्थी सिकाई सहजीकरण निर्देशिका -२०७७" मा उल्लेख भएबमोजिम विद्यालयहरुले बाँकी रहेको विद्यार्थी भर्ना कार्यक्रम सुचारु गर्ने र भर्ना भएका सम्पूर्ण विद्यार्थीहरुको अभिलेख मिति:२०७७/६/१५ सम्म शिक्षा शाखामा पेश गर्ने ।
- नेपाल सरकार, शिक्षा ,विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी "विद्यार्थी सिकाई सहजीकरण निर्देशिका -२०७७" मा उल्लेख भएका वैकल्पिक उपायहरु अवलम्बन गर्दै मिति:२०७७/०६/११ देखि सिकाई सहजीकरण गर्ने ।
- विद्यालयले विद्यार्थी संख्या र शिक्षक संख्याको आधारमा विभिन्न सिफ्ट् सहितका सिकाई समूहहरु विभाजन गर्ने (प्रति सिकाई समूहमा १० जना विद्यार्थी हुनुपर्ने तथा उक्त समूहमा एउटै समुदायका विद्यार्थीको सहभागिताको सुनिश्चितता गर्ने )।
- नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ,पाठ्यक्रम विकास केन्द्रले जारी गरेको "पाठ्यवस्तु समायोजन ढाँचा -२०७७" बमोजिम पाठ्यवस्तु समायोजन गरी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने ।
- परियोजना कार्य, मौखिक परीक्षा, विद्यार्थीको उपस्थिति लगायतका मापदण्डहरुको आधारमा विद्यार्थीको अवस्थाको अभिलेखिकरण गर्ने ।
- शिक्षकले विद्यालय प्रशासनको निर्देशन अनुरुप समयावधिका आधारमा अपेक्षित उपलब्धि सहितको कार्ययोजना निर्माण गरी प्र.अ. समक्ष पेश गर्ने र प्र.अ. ले सो को प्रतिवेदन मासिक रुपमा शिक्षा शाखामा पेश गर्ने ।

लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

Web: www.gulmidarbarmun.gov.np E-mail: info@gulmidarbarmun.gov.np, ito.gulmidarbarruralmun@gmail.com

- २०७७ चैत्रको दोस्रो हप्तामा सबै पाठ्यक्रम पूरा हुने गरि विद्यालयले कार्ययोजना तयार गर्ने र उक्त कार्ययोजना अनुसार शिक्षकहरूले सिकाइ समूहलाई केन्द्रित हुने गरि पाठयोजना तयार गरी विद्यालयबाट स्वीकृत गराई कार्यान्वयन गर्ने।
- शिक्षण सिकाई सहजीकरण गर्दा सिकाई केन्द्रहरु कोभिड-१९ को सन्दर्भमा नेपाल सरकारबाट जारी भएका स्वास्थ्य सुरक्षा नीति, निर्देशिका र मापदण्डको पूर्ण पालना हुने प्रतिबद्वता सहित विद्यालयलाई आवश्यक पूर्वतयारी व्यवस्थापन गर्न र समूहगत विद्यार्थी विवरण अनुसार सिकाई सहजीकरणको कार्ययोजना विद्यालय व्यवस्थापन समितिको निर्णय सहित मिति: २०७७/६/१५ सम्म शिक्षा शाखामा पेश गर्ने ।
- सिकाई सहजीकरणलाई व्यवस्थित गर्न गाउँपालिका तथा वडाबाट हुने अनुगमन कार्यलाई सहयोग गर्ने ।
- हरेक दिन सिकाई सहजिकरण गर्न भन्दा अगाडि कम्तिमा ५ मिनेट कोभिड-१९ रोकथाम सम्बन्धी विद्यार्थीहरुलाई जानकारी मूलक सन्देश दिने ।

२०७७/०६/०८

लक्ष्मण पाण्डे

प्रमुख प्रशासकीय अधिकृत

लक्ष्मण पाण्डे

प्रमुख प्रशासकीय अधिकृत